**प्रतिवेदनको सारांश:**

नेपाल सरकारले नागरिकको रोजगारीको हक सुनिश्चितताका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको छ । सरकारले कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीयतह बीच त्रिपक्षिय समझदारी पत्र तयार गरी कार्यक्रम सञ्चालनमा आ -आफ्नो तहबाट पहल गर्ने उल्लेख भएको छ। समग्र अर्थतन्त्रको विकासका लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिबृद्धि गरी गरिबी न्यूनिकरण गर्न तिनै तहका सरकारको भुमिका महत्वपूर्ण रहेको छ ।

रोजगारीको हकलाई नेपालको संविधानमा नागरिकको मौलिक हकको रुपमा उल्लेख गरिएको छ । संविधानमा हरेक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने अधिकार समेत रहेको छ। नेपाल सरकारले संविधान अनुसार नागरिकलाई रोजगारीको अवसर प्रदान गर्ने उद्देश्यले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी गरिसकेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा भएको व्यवस्था अनुसार नागरिकलाई रोजगारीको अवसर प्रदान गर्न स्थानीय सरकारको समन्वयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको अवधारणा तयार गरी कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि सरकारले प्रत्येक स्थानीय तह मातहत रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० (१) बमोजिम रोजगार सेवा केन्द्र स्थापना गरि कार्यकम संचालन गर्दै आएको छ ।

जुगल गाउँपालिका मातहत रहेको रोजगार सेवा केन्द्रले आ.व २०८०/०८१ मा बेरोजगार व्यक्तिहरुलाई सूचीकरणका लागि प्रकाशित गरेको सूचना अनुसार कुल ९१५ जना (५०१ पुरुष, ४१४ महिला) व्यक्ति सूचिकरण भएका थिए । बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउन सरकारले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन (IDA ) रोजगारी सृजना रु. २६,७२,०००/-(छब्बिस लाख बहत्तर हजार) तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनका (ने.स.) रोजगारी सृजना रु.२६,७४,०००/-(छब्बिस लाख चौरहत्तर हजार) गरि जम्मा रु.५३,४६,०००/-(त्रिपन्न लाख छयालिस हजार) र अन्य कार्यक्रम खर्च, मसलन्द खर्च तथा तलव भत्ता खर्च रु.२१,३४,०००/-(एक्काइस लाख चौतिस हजार) गरी जम्मा रु. ७४,८०,०००/-(चौरहत्तर लाख असि हजार) शशर्त अनुदान अर्न्तगत रकम उपलब्ध गराएको थियो । आयोजना सञ्चालनका लागि गाउँपालिकाले प्रधानमन्त्री रोजगार साझेदारी रु. २०,००,०००/- मध्ये रु.१९,३०,०००/- र वडा नं. ७ ले समेत रु.३,००,०००/- साझेदारी रकम विनियोजन गरेको थियो । जम्मा रु.७५,७६,०००/-(पचहत्तर लाख छयहत्तर हजार) बाट आ.व.२०८०/०८१ मा १५ वटा योजनाहरु संचालन गरिएको थियो ।

आ.व.२०८०/०८१ म सूचिकृत ९१५ जना मध्ये ८२ जना व्यक्तिले कुल ७८३५.६९ दिन (औषत ९५.५६ दिन) कार्य गरी कुल रु. ५३,२८,२७६/-(त्रिपन्न लाख अठ्ठाइस हजार दुई सय छयहत्तर) रुपैयाँ ज्याला भुक्तानी गरीएको छ भने **बाँकी रु.१९,२००/-**(उन्नाइस हजार दुई सय) फिर्ता गरिएकोछ । साथै गाउँपालिकाको साझेदारी बजेटबाट थप २२ जनाले औषतमा ६५ दिन अल्पकालिन रोजगारी प्राप्त गरेका छन् ।

प्रशासनिक खर्च अर्न्तगत प्राप्त कुल रकम रु.१९,३४,०००/-(उन्नाइस लाख चौतिस हजार) मध्ये रु. १९,१०,३५७/-(उन्नाइस लाख दस हजार तिन सय सन्ताउन्न रुपयाँ) खर्च भएको छ भने बाँकी **रु. २३,६४३** (तेइस हजार छ सय त्रिचालीस रुपैयाँ) फिर्ता गरिएकोछ। साथै पूजिँगत तर्फ रोजगार सेवा

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ती सिन्धुपाल्चोक नेपाल

लोक बहादुर थि.क.
प्रमुख प्रशासकीय अधिकृत

केन्द्रको सुदृढिकरण अर्न्तगत रु. २,००,०००/-(दुई लाख) प्राप्त भएकोमा रु.१,९७,९,७६/- खर्च भई बाँकी रु. २,०२४/-( दुई हजार चौबिस रुपैयाँ) फिर्ता गरिएकोछ। **जम्मा फिर्ता रकम रु.४४,८६७/-( चौवालिस हजार आठ सय सत्सठ्ठी) मात्र।**

आयोजना संचालन गर्नु पूर्व आयोजनामा कार्यसम्पादन गर्न इच्छुक सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन प्रक्रिया, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ मा रहेका प्रावधानको विषयमा जानकारी गराउने रोजगार उपभोक्ता समितिको काम कर्तव्य, सामाग्री खरिद प्रकृया, श्रमिकको ज्याला भुक्तानी प्रकृया, हाजिरी रेकर्ड भुक्तानीका लागि आवश्यक पर्ने कागजात लगाएत लाभग्राही परिचय पत्रको विषयमा जानकारी दिने उद्देश्यले सातै वडाहरुमा श्रमिक अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो। सो कार्यक्रममा रोजगार उपभोक्ता समिति गठन गरिनुका साथै योजना सम्झौता समेत गरिएको थियो।

त्यस्तै गरि रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावली एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमले परिभाषित गरे बमोजिम बेरोजगार व्यक्तिको अधिकार, सूचिकृत हुनका लागि आवेदन दिने प्रक्रिया तथा रोजगारमा संलग्न गराउने प्रक्रियाका सम्बन्धमा **"न्युनतम रोजगार, नागरिकको अधिकार" भन्ने** नाराका साथ सातै वडाहरुमा वडा समितिका पदाधिकारीहरु, वडा सचिव सूचिकृत बेरोजगारहरु लगाएत स्थानीयबासीहरुको सहभागिता सचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ।

अर्थतन्त्रको विकासका लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिबृद्धिका माध्ययमबाट गरिबी न्यूनिकरण गर्न स्थानीय तहको छुट्टै रोजगार रणनीति तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएको सन्दर्भमा रणनीतिक योजना तर्जुमाका लागि सरोकारवालाहरुको धारणा तथा सुझाव संकलनका लागि सातै वडाहरुमा छलफल कार्यक्रम सम्पन्न गरियो। स्थानीय तहको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयनमा आएमा स्थानीय तहले संविधानले व्यवस्था गरेको नागरिकको हकको कार्यान्वयनमा सहजता आउनुका साथै स्थानीय तहको सामाजिक र आर्थिक उन्नतिमा समेत टेवा पुग्न सक्ने अपेक्षा राख्न सकिन्छ।

प्रधानमन्त्री रोजगार कार्यकम संचालन कार्यविधि (**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधी, २०७६) बमोजिम** योजनाहरुमा कार्यरत कामदारहरुको ज्याला रकम बैङ्क मार्फत् भुक्तानी दिनु पर्ने प्रावधान बमोजिम ८२ जना बेरोजगारहरुको शुन्य मौज्दातमा बैङ्क खाता संचालन गरि ज्याला रकम भुक्तान गरिएको छ।

समग्र अर्थतन्त्रको विकासका लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिबृद्धि गरी गरिबी न्यूनिकरण गर्न साथै रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गरी स्थानीय तहलाई राय सुझाव प्रदान गर्न सरोकारवालाको धारणा/सुझाव संकलनका लागि आवश्यक छलफल गर्नुपर्ने भएकोले सम्बन्धित स्थानीय निर्देशक समितिका पदाधिकारीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधीहरु जुगल गाउँपालिका भित्र विभिन्न व्यापार व्यवसाय संचालन गर्नुहुने व्यापारी, विद्यालयका शिक्षक,स्थानीय सहकारीका प्रमुख लगाएत स्थानीय बुद्धिजविहरुसँग छलफल गरी आवश्यक सुझाव संकलनका लागि रोजगार संवादमञ्च कार्यक्रम समेत संचालन गरिएको थियो।

आयोजनाहरुको सही छनौट र सञ्चालन गरिएको काम तथा सम्बन्धित श्रमिकको खातामा ज्याला भुक्तानी प्रक्रियाले कार्यक्रम प्रभावकारी भएको धारणा सरोकारवालाहरुको रहेको छ। समुदायमा यस्तै किसिमका

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आयोजना सञ्चालन हुदा समुदायको आर्थिक अवस्थामा सुधार आउने, समान काम समान ज्याला हुदा महिलाहरुको आर्थिक सशक्तिकरणमा टेवा पुग्ने तथा समृद्धिको लागि आधार तयार हने भएकोले प्रधानमन्त्री रोजगार कार्यक्रमको मोडलमा आयोजना कार्यान्वयन गर्न गाउँपालिकाले समेत आगामी आ.व. देखि श्रम मुलक योजनाहरुमा सूचिकृत बेरोजगार श्रमिकहरुलाई सहभागी गराउन सके **"स्थानीय सरकार रोजगारीको आधार"** भन्ने नारा सफल हुने अपेक्षा राख्न सकिन्छ ।

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## सम्पन्न गरिएका क्रियाकलापहरु:

**१) प्रगति प्रतिवेदन तयारी तथा पेश गरिएको:**

आ.व.२०७९/०८० मा सम्पन्न गरीएका क्रियाकलापहरुको आधारमा भौतिक तथा वित्तीय प्रगती प्रतिवेदन तयार गरी व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरीएको साथै गाउँपालिका तथा श्रम रोजगार मन्त्रालयमा पेश गरिएको छ ।

**२) रोजगार मुलक योजना संकलन तथा विष्लेषण गरिएको :**

आ.व. २०८०/०८१ मा संचालन गरिने योजना संचालनका लागि वडाहरुलाई पत्राचार गर्नुका साथै योजना संकलन, विष्लेषण गरि निर्देशक समितिमा पेश गरिएको ।

**३) निर्देशक समितिको बैठक संचालन तथा बजेट बाँडफाँड:**

वडागत रुपमा संकलन भएका रोजगारमूलक योजनाहरु संचालनका लागि स्थानीय निर्देशक समितिको बैठक बस्नुका साथै बजेट बाँडफाँड गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउन संघिय सरकारले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन (IDA ) रोजगारी सृजना रु. २६,७२,०००/- (छब्बिस लाख बहत्तर हजार) तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनका (ने.स.) रोजगारी सृजना रु.२६,७४,०००/-(छब्बिस लाख चौरहत्तर हजार) गरि जम्मा रु.५३,४६,०००/-(त्रिपन्न लाख छयालिस हजार) शशर्त अनुदान रकम उपलब्ध गराएको थियो । आयोजना सञ्चालनका लागि गाउँपालिकाले प्रधानमन्त्री रोजगार साझेदारी (**निर्माण सामाग्री तथा निर्माण औजार खरिद** साथै व्यवस्थापन खर्च) रु.१९,३०,०००/- साझेदारी रकम विनियोजन गरेको थियो भने वडा नं. ७ ले समेत रु.३,००,०००/- साझेदारी रकम विनियोजन गरेको थियो । जम्मा रु.७५,७६,०००/-(पचहत्तर लाख छयहत्तर हजार) बाट आ.व.२०८०/०८१ मा १५ वटा योजनाहरु संचालन गर्ने गरि बजेट बाँडफाँड गरिएको थियो ।

| क.सं. | बजेटका स्रोतहरु | | |
|---|---|---|---|
| १ | यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाका लागि प्राप्त बजेट( रु. २६,७२,०००/-) प्र.म.रोजगार विनियोजित वजेट ने.स. (रु.२६,७४,०००/- | बजेट: ५३,४६,०००/- | |
| २ | गाउँपालिका विनियोजित वजेट | १९,३०,०००/- | निर्माण औजार, निर्माण सामाग्री खरिद, थप श्रमीकको ज्यालाका लागि |
| | वडा नं ७ विनियोजित वजेट | ३,००,०००/- | निर्माण सामाग्री खरिदका लागि |
| ३ | जम्मा बजेट: | ७५,७६,०००/- | |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

*आ.व.२०८०/०८१ मा जुगल प्र.म. रोजगार कार्यक्रम अन्तर्गत संचालन गरिएका योजनाहरुको विवरण बजेट सहित:*

| क्र सं | वडा नं | योजनाको नाम | अनुमानित बजेट प्र.म. | साझेदारी | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | १. | 1. बाँदररुख प्रधानटोल घडी कुवा भिमसेनथान गोरेटो बाटो मर्मत् | २५९२०० | १००००० | ३५९२०० |
| | | 2. मानेडाँडा घुन्सा गोरेटो बाटो मर्मत् | २५९२०० | ५०००० | ३०९२०० |
| | | 3. मान्दाङ्टोल च्याखुर पाईनटोल गोरेटो बाटो मर्मत् | २५९२०० | ७५००० | ३३४२०० |
| | | | ७७७६०० | २२५००० | १००२६०० |
| २ | २ | १.सञ्चगाउँ मसानघाट टर्ष निर्माण | ३८८८०० | १५०००० | ५३८८०० |
| | | २. तार्के सामुदायिक भवन निर्माण | ३८८८०० | १०५००० | ४९३८०० |
| | | | ७७७६०० | २५५००० | १०३२६०० |
| ३ | ३ | १. पाङ्गर्पू भिमसेनथान जाने गो बा मर्मत् | २५९२०० | ० | २५९२०० |
| | | २. क्याङसिङ बस्ती सडक सोलिङ | २५९२०० | १२५००० | ३८४२०० |
| | | ३.गुम्बा क्याङसिङ सडक सोलिङ | २५९२०० | १२५००० | ३८४२०० |
| | | | ७७७६०० | २५०००० | १०२७६०० |
| ४ | ४ | 1. मान्द्रा सडक सोलिङ तथा ग्याबिन | ७१२८०० | ३००००० | १०१२८०० |
| | | | ७१२८०० | ३००००० | |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ५ | १. राम्चे अदामारा च्यानडाँडा गोरेटो बाटो मर्मत्<br>२. सेतीदेवी दामोङ पोखरी गोरेटो बाटो मर्मत्<br>३. सिम्पानी लाकुरी डाँडा गोरेटो बाटो मर्मत्<br>४. काँडे तुसारे लुइनडाँडा गोरेटो बाटो मर्मत् | ३२४०००<br>१९४४००<br>१२९६००<br>१२९६०० | ७५०००<br>१०००००<br>५००००<br>२५००० | ३९९०००<br>२९४४००<br>१७९६००<br>१५४६०० |
| | | | ७७७६०० | २५०००० | १०२७६०० |
| ६ | ६ | वडा नं ६ गोरेटोबाटो मर्मत् (ने.स. आइ.डि.ए) | ७७७६०० | ३००००० | १०७७६०० |
| ७ | ७ | सम्बोडे देखि याङ्लाकोटडाँडा सम्म सोलिङ | ७१२८०० | ३००००० | १०१२८०० |
| | | | ५३१३६०० | १८८०००० | ७१९३६०० |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**बजेट थप:**

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व. २०८०/०८१ लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् रोजगारी सृजनाका लागि (आई.डि.ए.) रु. २५,९२,०००/-( अक्षरेपि पच्चीस लाख बयानब्बे हजार मात्र) विनियोजन भएकोमा नेपाल सरकारको मिति २०८०।०४।३२ गते राजपत्रमा प्रकाशित सूचना बमोजिम अदक्ष श्रमिकको साविकको ज्यालादरमा वृद्धि भई दैनिक ज्याला दर रु. ५७७ बाट रु. ६६८ कायम भएको जानकारी सहित श्रमिकको ज्यालामा थप गर्न रु. ८०,०००/- (असि हजार) बजेट थप भएकोहुँदा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं ४ मा संचालित मान्द्रा सडक सोलिङ तथा ग्याबिन योजनामा अपुग ज्याला रु. ३५,२००/-(पैतिस हजार दुई सय) र वडा नं ६ गोरेटो बाटो मर्मत् योजनामा अपुग ज्याला रु.२५,६००/-(पच्चीस हजार छ सय) थप गर्ने स्थानीय निर्देशक समितिको मिति २०८० साल फागुन २० गते आइतबारका निर्णय बमोजिम थप गरिएको थियो ।

**४) योजना प्रविष्टी तथा प्रारम्भीक सर्वेक्षण लागत अनुमान तयार ।**

जुगल गाउँपालिका गाउँ सभाको १५ औं अधिवेशनबाट स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगतका १५ वटा योजनाहरुको विवरण व्यवस्थापन सूचना प्रणालिमा प्रविष्टी गरिएको साथै प्रविष्टी गरिएका योजनाहरुको स्थलगत अध्ययन गरि लागत इष्टिमेट तयार गरियो ।

**५) बार्षिक समिक्षा कार्यक्रममा सहभागिता:**

श्रम तथा रोजगार मन्त्रालयले आयोजना गरेको वार्षिक समिक्षा कार्यक्रममा सहभागीभई जिल्लागत रुपमा प्रस्तुतीकरण गरीयो । साथै कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्नका लागि आवश्यक पृष्ठपोषण प्राप्त गरियो ।

**६) अभिमुखिकरण कार्यक्रम सञ्चालन तथा रोजगार उपभोक्ता समिती गठन:**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा २६ र दफा ५६ बमोजिम रोजगार मुलक योजनाहरु कार्यान्वयन गर्नका लागि सूचिकृत बेरोजगार श्रमिकहरुलाई आयोजनाहरुमा खटाउनु पूर्व योजना संचालन प्रक्रिया, आयोजनामा कामदारको भुमीका तथा आयोजनाको भुक्तानी प्रक्रिया लगाएतका विविध विषयका वारेमा श्रमिकहरुलाई अभिमुखिकरण गर्नुपर्ने प्रावधान बमोजिम सातै वडाहरुमा श्रमिक अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । सूचिकृत ९१५ जना बेरोजगारहरु मध्ये करिब ३३० जना श्रमिकहरु अभिमुखिकरण कार्यक्रममा सहभागि भएका थिए । अभिमुखिकरण कार्यक्रम सञ्चालनका साथै सम्वन्धीत वडाहरुमा योजना संचालनका लागि रोजगार उपभोक्ता समिती गठन गरिएको थियो ।

**अभिमुखिकरण कार्यक्रममा सहभागिहरुलाई जानकारी गराईएका विषयहरु:**

- प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य र प्रकृतिका विषयमा जानकारी गराइएको ।
- सम्वन्धीत रोजगार आयोजनाको परिचय तथा कार्य बारे जानकारी गराइएको ।
- रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार बारे जानकारी गराइएको ।
- हाजिरी, पारिश्रमिक तथा अन्य सेवा सुविधा बारे जानकारी गराइएको ।
- कार्यस्थल जोखिम र कार्यस्थल सुरक्षाका आधारभूत विषयहरुबारे जानकारी गराइएको ।
- योजना सम्झौता तथा भुक्तानीका लागि आवश्यक पर्ने कागजात,विल भर्पाइका बारेमा समेत जानकारी गराइएको थियो ।
- प्राथमिक स्वास्थ्यसँग सम्वन्धित विषयहरु र प्राथमिक उपचारका विषयहरुबारे जानकारी गराइएको ।

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

- कार्यस्थलमा हिंसा, आचरण र अनुशासन सम्बन्धी विषयहरु बारे जानकारी गराइएको ।
- कामको प्रकृति र स्थान विशेषको आधारमा आवश्यक हुने अन्य विषयहरुका विषयमा गराइएको ।
- प्राविधिक पक्ष लगाएत अन्य आवश्यक विषयहरुमा छलफल गरिएको थियो ।

**अभिमूखिकरण कार्यक्रमका तस्विरहरु:**

**वडा नं. ७**



जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner



वडा नं. ६



जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरामची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner




वडा नं. ३




जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

वडा नं. ६






जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

वडा नं २, गोल्चे






जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

लोक बहादुर बि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner



मान्द्रा सडक सोलिङ तथा ग्याविन वडा नं ४

७) योजनाहरु सम्झौता, अनुगमन तथा पृष्ठपोषण प्रदान गरिएको:

आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत सञ्चालन गरिएका योजनाहरुको नियमित रुपमा अनुगमन निरीक्षण गरी आवश्यक सुझाव प्रदान गरीएको ।

योजना अनुगमनका तस्विरहरु:

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत





सञ्चगाउँ मसानघाट ट्रष्ट निर्माण


जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

पहिले वडा नं ६ गोरेटो बाटो मर्मत् अहिले






जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

वडा नं २, तार्के सामुदायिक भवन निर्माण






जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**८) श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी सचेतनामुलक कार्यक्रमः**

रोजगारीको हकसम्बन्धी ऐन तथा नियमावली एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमले परिभाषित गरे बमोजिम बेरोजगार व्यक्तिको अधिकार, आवेदन प्रक्रिया तथा रोजगारमा संलग्न गराउने प्रक्रियाका सम्बन्धमा सचेतनामुलक कार्यक्रम **"न्युनतम रोजगार, नागरिकको अधिकार"** सञ्चालन गर्नुका साथै आ.व. २०८१/०८२ मा सार्बजनिक विकास निर्माण कार्यमा सहभागी हुन चाहाने बेरोजगार व्यक्तिहरुको आवेदन भर्न सहजिकरण गरीएको ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमको साथ साथै बेरोजगार व्यक्तिको अधिकारका विषयमा जानकारी गराइएको ।
- बेरोजगार व्यक्तिले सूचिकृतका लागि दिने आवेदन प्रक्रियाका विषयमा जानकारी गराईएको ।
- कार्यस्थल जोखिम र कार्यस्थल सुरक्षाका आधारभूत विषयहरुबारे जानकारी गराईएको ।
- कामको प्रकृति र स्थान विशेषको आधारमा आवश्यक हुने अन्य विषयहरुका विषयमा गराईएको
- जुगल श्रम बैङ्क कार्यविधि, २०७९ कार्यान्वयनका विषयमा समेत सहभागीहरुलाई जानकारी गराईएको ।
- विगतका वर्षदेखी रोजगार कार्यक्रममा सहभागी भई कार्य गरेका श्रमिकहरुको फारम नविकरण गरीएको थियो भने पहलो पटक रोजगार कार्यक्रममा सहभागीहुन चाहाने व्यक्तिहरुको फारम दर्ता फारम भर्न सहजिकरण गरीएको ।

**श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी सचेतना मुलक कार्यक्रमका तस्विरहरुः**

वडा नं ४, पाङताङ




लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

वडा नं २ गोल्चे







जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७४

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner







जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

९. जुगल श्रम बैङ्कमा आवद्धहुन इच्छुक प्राविधिक ज्ञान र सिप भएका व्यक्तिहरुको फारम भरी विवरण संकलन गरीएको ।

**बेरोजगार दर्ता सहजिकरण गर्दै गर्दा:**



लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

CamScanner

१०) **बेरोजगारको तथ्याङ्क संकलन तथा प्रविष्टी:**

रोजगारीको हक सम्बन्धी ऐन २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ ( पहिलो संशोधन सहित) आ.व. २०८१/०८२ मा न्यूनतम रोजगारीमा संलग्नहुन चाहने वेरोजगारहरुको लागी फागुन १ देखी फागुन मसान्त सम्म सूचिकृतका लागि सूचना जार गरी वडागत रुपमा फारम संकलन गरीयो । संकलित विवरणहरुको सूची तयार गरि स्थानीय निर्देशक समितीको बैठक बसी छलफल गरि बेरोजगारहरुको विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरियो ।

आ.व.२०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा कामगर्न इच्छुक ९१६ जना (४८९ जना पुरुष र ४२७ जना महिला) व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरीएको ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जम्मा सुचिकृत ९१५ जना महिला (४१४ जना, ५०१ जना पुरुष)

| क.सं. | वडा नं | सुचिकृत बेरोजगारको संख्या |
|---|---|---|
| १ | १ सेलाङ | १६४ जना |
| २ | २ गोल्चे | १०९ जना |
| ३ | ३. गुम्बा | १७० जना |
| ४ | ४ पाङताङ | ९० जना |
| ५ | ५ बराम्ची | १४९ जना |
| ६ | ६ हगाम | ११९ जना |
| ७ | ७ याङ्लाकोट | ११५ जना |
| जम्मा | | ९१६ जना |

**११) ज्याला भुक्तान तथा विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी :**
युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधी, २०७६, **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधी, २०७६)** बमोजिम आयोजनाहरुमा कार्यरत श्रमीकहरुको ज्याला रकम बैङक मार्फत् भुक्तानी दिनु पर्ने प्रावधान बमोजिम रोजगार कार्यक्रम अर्न्तगत संचालित आयोजनाहरुमा कार्यरत श्रमीकहरुको ज्याला रकम रु. रु.५३,२८,२७६/-( त्रिपन्न लाख अठ्ठाइस हजार दुइ सय छयहत्तर रुपैयाँ) ८२ जना श्रमिकको बैङ्क खातामा र निर्माण सामाग्री, निर्माण औजार खरिद तथा थप श्रमीकको ज्याला बापतको रकम रु.१९,३०,०००/- (उन्नाइस लाख तिस हजार) रोजगार उपभोक्ता समितिको बैङक खाता मार्फत् भुक्तान गरी व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गरियो ।

**१२) रोजगार कार्यक्रम तथा योजनाहरुको भौतिक तथा वित्तिय प्रगती विवरण तयार तथा प्रविष्टीः**
प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत आ.व. २०८०/०८१ मा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउन सरकारले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन (IDA ) रोजगारी सृजना रु. २६,७२,०००/- (छब्बिस लाख बहत्तर हजार) तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनका (ने.स.) रोजगारी सृजना रु.२६,७४,०००/-(छब्बिस लाख चौरहत्तर हजार) गरि जम्मा रु.५३,४६,०००/-(त्रिपन्न लाख छयालिस हजार) र अन्य कार्यक्रम खर्च, मसलन्द खर्च तथा तलव भत्ता खर्च रु.२१,३४,०००/-(एक्काइस लाख चौतिस हजार) गरी जम्मा रु. ७४,८०,०००/-(चौरहत्तर लाख असि हजार) शशर्त अनुदान अर्न्तगत रकम उपलब्ध गराएको थियो । आयोजना सञ्चालनका लागि गाउँपालिकाले प्रधानमन्त्री रोजगार साझेदारी रु. २०,००,०००/- मध्ये रु.१९,३०,०००/- र वडा नं. ७ ले समेत रु.३,००,०००/- साझेदारी रकम विनियोजन गरेको थियो । जम्मा रु.७५,७६,०००/-(पचहत्तर लाख छयहत्तर हजार) बाट आ.व.२०८०/०८१ मा १५ वटा योजनाहरु संचालन गरिएको थियो ।

आ.व.२०८०/०८१ म सूचिकृत ९१५ जना मध्ये ८२ जना व्यक्तिले कुल ७८३५.६९ दिन (औषत ९५.५६ दिन) कार्य गरी कुल रु. ५३,२८,२७६/-(त्रिपन्न लाख अठ्ठाइस हजार दुई सय छयहत्तर) रुपैयाँ ज्याला भुक्तानी गरीएको छ भने **बाँकी रु.१९,२००/-**(उन्नाइस हजार दुई सय) फिर्ता गरिएकोछ । साथै

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गाउँपालिकाको साझेदारी बजेटबाट थप २२ जनाले औषतमा ६५ दिन अल्पकालिन रोजगारी प्राप्त गरेका छन् ।

प्रशासनिक खर्च अन्र्तगत प्राप्त कुल रकम रु.१९,३४,०००/-(उन्नाइस लाख चौतिस हजार) मध्ये रु. १९,१०,३५७/-(उन्नाइस लाख दस हजार तिन सय सन्ताउन्न रुपयाँ) खर्च भएको छ भने बाँकी रु. २३,६४३ (तेइस हजार छ सय त्रिचालीस रुपैयाँ) फिर्ता गरिएकोछ । साथै पूजिंगत तर्फ रोजगार सेवा केन्द्रको सुदृढिकरण अन्र्तगत रु. २,००,०००/-(दुई लाख) प्राप्त भएकोमा रु.१,९७,९,७६/- खर्च भई बाँकी रु. २,०२४/-( दुई हजार चौबिस रुपैयाँ) फिर्ता गरिएकोछ । **जम्मा फिर्ता रकम रु.४४,८६७/-(चौवालिस हजार आठ सय सत्सठ्ठी) मात्र ।**

**१३) रणनीतिक योजना तर्जुमा सम्बन्धी सरोवारवालाहरुको धारणा संकलन सम्बन्धी छलफल कार्यक्रमः**

समग्र अर्थतन्त्रको विकासका लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिवृद्धिका माध्ययमबाट गरिबी न्यूनिकरण गर्न स्थानीय तहको छुट्टै रोजगार रणनीति तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएको सन्दर्भमा रणनितीक योजना तर्जुमाका लागि सरोकारवालाहरुको धारणा तथा सूझाव संकालनका लागि सातै वडाहरुमा छलफल कार्यक्रम सम्पन्न गरियो । स्थानीय तहको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयनमा आएमा स्थानीय तहले संविधानले व्यवस्था गरेको नागरिकको हकको कार्यान्वयनमा सहजता आउनुका साथै स्थानीय तहको सामाजिक र आर्थिक उन्नतिमा समेत टेवा पुग्न सक्ने अपेक्षा राख्न सकिन्छ । रणनीतिक योजना तर्जुमा गर्नका लागि सरोकारवालाको धारणा/सुझाव संकलन गर्न आवश्यक छलफल गर्न सम्वन्धीत वडाका वडा समितिका पदाधिकारीहरु, विभिन्न संघसंस्थाका प्रतिनिधीहरु,अल्पकालिन रोजगारलाई भन्दा स्वरोजगार बन्न सहयोग पुग्ने लाई प्राथमिकतामा राखेर कार्यक्रम संचालन गरिनुपर्ने सुझाव प्राप्त भएका छन् ।

**छलफलका विषयहरुः**

स्थानीय तहको रोजगार रणनीति तर्जुमाका लागि वडागत रुपमा विभिन्न पक्षसंग समग्र जुगलको हालको अवस्था र आर्थिक विकासका लागि संचालन गर्नुपर्ने कार्यक्रमका विषयमा छलफल गरिएको थियो ।

- **रणनितीक योजना तर्जुमा कार्यक्रमको उद्देश्य ।**
- **गाउँपालिकाको संक्षिप्त परिचय**
- वडागत रुपमा जनसंख्या र रोजगारीको अवस्था ।
- हाल सम्म जुगल गाउँपालिका भित्रका रोजगारदाताहरुको विवरण ।
- गाउँपालिकाले आन्तरिक रोजगारी सृजनाका लागि गरेका कामहरु ।
- हालको रोजगारीको अवस्था ।
- बैदेशिक रोजगारीमा जानेको तथ्याङ्क ।
- सुरक्षित बैदेशिक रोजगारी र बैदेशिक रोजगार वोर्डले प्रदान गर्ने सहयोग ।
- सम्भाव्य रोजगारी / स्वरोजगारीका क्षेत्रहरु ।
- रोजगारी सृजना हुन नसक्नुका कारण / समाधानका उपायहरु

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## कार्यक्रमसंग सम्बन्धित तस्विरहरु

वडा नं.३ , गुम्बा






जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्बी, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

वडा नं. ७,याङ्लाकोट





जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

वडा नं ५, बराम्ची







जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७४

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

वडा नं ४, पाङताङ







जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## प्राप्त भएका सुझाव

- बेरोजगार व्यक्तिहरुलाई उनिहरुको क्षमता विकास सम्बन्धी तालिमले आत्मनिर्भर बन्न सहजहुने जस्तै गलैंचा बुन्ने, सिलाई कटाई, साबुन बनाउने धुप बनाउने सम्बन्धी तालिम संचालन गर्न सके स्वरोजगार बन्न टेवा पुग्ने ।
- कृषि उत्पादनलाई बृद्धि गर्ने तालिम उपलब्ध गराइदिनु पर्ने । कृषकहरुलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गरिनुपर्ने ।
- व्यवसाय विस्तार तथा उधोग संचालनका लागि न्युन व्याजरमा ऋण उपलब्ध गराउनुपर्ने ।
- कृषकहरुको समस्या समाधानका लागि गुनासो व्यवस्थापन केन्द्र स्थापना ।
- महिलाहरुका लागि पनि सिकर्मी डकर्मी सम्बन्धी तालिम उपलब्ध गराउनुपर्ने ।
- विगत वर्षमा दिइएका अनुदान मार्फत् भएका कार्यक्रमहरुको प्रभावकारी अनुगमन हुनुपर्ने उत्पादनमा आधारीत अनुदान वितरण कार्यक्रम संचालन गरिनुपर्ने ।
- कुटानी पिसानी सम्बन्धी नयाँ प्रविधियुक्त मेसिन दिनुपर्ने ।
- जुगलको उत्पादनलाई उपभोगमा प्राथमिकता दिन आयतमा रोक लगाउने ।
- कृषि उत्पादनलाई प्रोत्साहित गर्ने किसानका उत्पादन संकलन र विक्री वितरण, बजारिकरणलाई प्राथामिकतामा राखिनुपर्ने, वडागत रुपमै संकलन केन्द्र संचालन गरिनुपर्ने ।
- अनुदानका कार्यक्रमहरु अनुदान लिन मात्र सिमित हुन नहुने अनुदानको दुरुपयोग गर्नेलाई कारबाहीको व्यवस्था गरिनुपर्ने साथै उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनु पर्ने ।
- मल, बिऊ औषधी, सुपथ मुल्यमा उपलब्ध गराउनुपर्ने साथै आयात प्रतिस्थापन र निर्यात् प्रर्वद्धनलाई प्राथमिकतामा राखिनुपर्ने ।

१३. **रोजगार सम्बाद मञ्च संचालन:** जुगल गाउँपालिका भित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्न साथै संविधानमा भएको रोजगारीको हकको कार्यान्वयनका लागि स्थानीय तहले छुट्टै रोजगार रणनीति तर्जुमा गर्न आवश्यकता महसुस गरी सरोकारवालाहरु मार्फत् सुझाव संकलनका लागि रोजगार संवाद मञ्च संचालन सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको छ ।

जुगल गाउँपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रको विकास मार्फत् रोजगारीका अवसरहरु सिर्जना गरी गरिबी न्यूनिकरण गर्ने साथै रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको समाधान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गरी स्थानीय तहलाई राय सुझाव प्रदान गर्न सरोकारवालाको धारणा/सुझाव संकलनका लागि

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

आयोजना गरिएको उक्त कार्यक्रममा स्थानीय निर्देशक समितिका पदाधिकारीहरु, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधीहरु, जुगल गाउँपालिका भित्र विभिन्न
व्यापार व्यवसाय संचालन गर्नुहुने उद्योगी, व्यापारी, विभिन्न सहकारीका प्रमुखहरु, गाउँपालिकामा आफ्नो कार्यक्षेत्र बनाएका निर्माण व्यवसायीहरु लगाएत स्थानीय बुद्धिजविहरुको उपस्थिती रहेको थियो ।

२. छलफलका विषयहरुः

स्थानीय तहको रोजगार रणनीति तर्जुमाका लागि संचालन गरिएको छलफल कार्यक्रममा सहभागिहरुसंग विविध विषयमा छलफल गरिएको थियो साथै तपसिलका विषय समेटी प्रस्तुतिकरण समेत गरिएको थियो ।

- जुगल गाउँपालिका भित्रका रोजगारदाताहरुको तथ्याङ्क
- सुचिकृत बेरोजगारको तथ्याङ्क वडागत रुपमा ।
- सुचिकृत बेरोजगार मध्ये सिपयुक्त जनशक्ती ।
- आन्तरिक रोजगारी सृजनाका लागि गाउँपालिकाले गरेका प्रयासहरु
- हालको रोजगारीको अवस्था ।
- बैदेशिक रोजगारीमा जानेको तथ्याङ्क ।
- सम्भाव्य रोजगारी / स्वरोजगारीका क्षेत्रहरु ।
- रोजगारी सृजना हुन नसक्नुका कारण / समाधानका उपायहरु ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कार्यक्रमसंग सम्बन्धित तस्विर तथा माइन्यूट






जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

**उपलब्धीहरु:**

- जुगल श्रम बैङ्क कार्यविधि २०७९, कार्यान्वयनका लागि समन्वय गर्ने (निर्माण व्यवसायी र हाइड्रो व्यवसायीहरुको प्रतिवद्धता व्यक्त) ।
- रोजगारदाताको माग बमोजिम दक्ष श्रम जनशक्ती तयार गर्न तालिमको व्यवस्थापन गर्ने ।
- उद्यम गर्न चाहने व्यक्ति वा फर्मका लागि न्यून व्याजदरमा ऋण उपलब्ध गराउन बैङ्क तथा वित्तीय संस्थासँग समन्वय तथा सहकार्य गरिदिनु पर्ने सहकारी संस्थाहरुको माग ।
- सम्वृद्ध जुगल निर्माणका लागि आन्तरीक रोजगारीका अवसरहरुको पहिचान गरि कृषि, उद्योग, पर्यटन, व्यापार व्यवसाय, निर्माण कम्पनी, सहकारी लगाएतका क्षेत्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीमा संलग्न गराउन सबै पक्षसंग सहकार्य गरिने ।
- स्थानीय तहको रोजगार रणनीति तयार गर्न आवश्यक सहजिकरण गर्नुका साथै बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने ।
- जुगल गाउँपालिका भित्र रहेका विभिन्न सहकारी संस्थाहरुले जुगलका जडीबुटी संरक्षण संकलन बजारीकरणमा गाउँपालिकाले सहजिकरण गरीदिनु पर्ने माग सहित लिखित सम्वोधन पत्र पेश गनु भएको ।
- उत्पादित बस्तुको बजारीकरणमा गाउँपालिकाले आवश्यक समन्वय गरीदिने आग्रहको सम्बोधन /प्रतिवद्धता व्यक्त ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल
२०७२

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
रोजगार सेवा केन्द्र
बजेट तथा निकाशा विवरण आ.व. २०८०/०८१

| क्र.सं. | स्रोत | बजेट उपशिर्षक | शिर्षक | क्रियाकलाप कोड | वार्षिक विनियोजित बजेट | प्रथम चौमासिक निकाशा मिति | प्रथम चौमासिक निकाशा रकम | दोश्री चौमासिक निकाशा मिति | दोश्री चौमासिक निकाशा रकम | तेश्री चौमासिक निकाशा मिति | तेश्री चौमासिक निकाशा रकम | कुल निकाशा भएको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको तलब | 2.5.7.5 | 568000 | ०५/१५/२०८० | 189333 | ०८/११/२०८० | 189333 | ११/१४/२०८० | 189334 | 568000 |
| 2 | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको स्थानीय भत्ता | 2.5.7.6 | 48000 | ०५/१५/२०८० | 16000 | ०८/११/२०८० | 16000 | ११/१४/२०८० | 16000 | 48000 |
| 3 | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको पोसाक | 2.5.7.7 | 10000 | ०५/१५/२०८० | 3333 | ०८/११/२०८० | 3333 | ११/१४/२०८० | 3334 | 10000 |
| 4 | नेपाल सरकार | ३७१००१०२ | रोजगारी सृजना अनुदान | 2.7.3.7 | 2674000 | ०५/१५/२०८० | 891333 | ०८/११/२०८० | 891333 | ११/१४/२०८० | 891334 | 2674000 |
| | | | | कुल नेपाल सरकार (३७१००१०२) | 3300000 | | 1099999 | | 1099999 | | 1100002 | 3300000 |
| 5 | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको तलब | 2.5.7.8 | 452000 | ०५/१५/२०८० | 150667 | ०८/११/२०८० | 150667 | ११/१४/२०८० | 150666 | 452000 |
| 6 | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको स्थानीय भत्ता | 2.5.7.9 | 39000 | ०५/१५/२०८० | 13000 | ०८/११/२०८० | 13000 | ११/१४/२०८० | 13000 | 39000 |
| 7 | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको पोसाक | 2.5.7.10 | 10000 | ०५/१५/२०८० | 3333 | ०८/११/२०८० | 3333 | ११/१४/२०८० | 3334 | 10000 |
| 8 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको तलब | 2.5.3.5 | 452000 | ०५/१५/२०८० | 150667 | ०८/११/२०८० | 150667 | ११/१४/२०८० | 150666 | 452000 |
| 9 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको स्थानीय भत्ता | 2.5.3.6 | 39000 | ०५/१५/२०८० | 13000 | ०८/११/२०८० | 13000 | ११/१४/२०८० | 13000 | 39000 |
| 10 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको पोसाक भत्ता | 2.5.3.7 | 10000 | ०५/१५/२०८० | 3333 | ०८/११/२०८० | 3333 | ११/१४/२०८० | 3334 | 10000 |
| 11 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सेवा केन्द्रको सुदृढिकरण | 11.3.7.6 | 200000 | ०५/१५/२०८० | 66667 | ०८/११/२०८० | 66667 | ११/१४/२०८० | 66666 | 200000 |
| 12 | आई.डि.ए. | ३७१००१०३ | रोजगारी सृजना अनुदान | 2.7.3.8 | 2672000 | ०५/१५/२०८० | 864000 | ०८/११/२०८० | 864000 | ११/१४/२०८० | 944000 | 2672000 |
| 13 | आई.डि.ए. | ३७१००१०३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | 2.7.25.131 | 60000 | ०५/१५/२०८० | 20000 | ०८/११/२०८० | 20000 | ११/१४/२०८० | 20000 | 60000 |
| 14 | आई.डि.ए. | ३७१००१०३ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन | 2.7.28.135 | 50000 | ०५/१५/२०८० | 16667 | ०८/११/२०८० | 16667 | ११/१४/२०८० | 16666 | 50000 |
| 15 | आई.डि.ए. | ३७१००१०३ | रोजगार संवाद मञ्चको सञ्चालन | 2.7.28.136 | 30000 | ०५/१५/२०८० | 10000 | ०८/११/२०८० | 10000 | ११/१४/२०८० | 10000 | 30000 |
| 16 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | 2.4.1.7 | 78000 | ०५/१५/२०८० | 26000 | ०८/११/२०८० | 26000 | ११/१४/२०८० | 26000 | 78000 |
| 17 | आई.डि.ए. | ३७१००१०३ | अन्य विविध खर्च (चिया, पानि लगायत अन्य) | 2.9.9.7 | 24000 | ०५/१५/२०८० | 8000 | ०८/११/२०८० | 8000 | ११/१४/२०८० | 8000 | 24000 |
| 18 | आई.डि.ए. | ३७१००१०३ | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | 2.8.1.10 | 64000 | ०५/१५/२०८० | 21333 | ०८/११/२०८० | 21333 | ११/१४/२०८० | 21334 | 64000 |
| 19 | आई.डि.ए. | ३७१००१०३ | नमुना रोजगार सेवा केन्द्र सञ्चालन | 2.6.4.93 | 0 | ०५/१५/२०८० | 0 | ०८/११/२०८० | 0 | ११/१४/२०८० | 0 | 0 |
| 20 | आई.डि.ए. | ३७१००१०३ | महिला लक्षित रोजगारीका लागि तयारी कक्षा सञ्चालन | 2.7.25.162 | 0 | ०५/१५/२०८० | 0 | ०८/११/२०८० | 0 | ११/१४/२०८० | 0 | 0 |
| | | | | कुल आई.डि.ए. (३७१००१०३) | 4180000 | | 1366667 | | 1366667 | | 1446666 | 4180000 |
| | | | | कुल रोजगारी सृजना अनुदान | 5346000 | | 1755333 | | 1755333 | | 1835334 | 5346000 |
| | | | | रोजगार सेवा केन्द्रको सुदृढिकरण | 200000 | | 66667 | | 66667 | | 66666 | 200000 |
| | | | | प्रशासनिक खर्च | 1934000 | | 644666 | | 644666 | | 644668 | 1934000 |
| | | | | कुल जम्मा | 7480000 | | 2466666 | | 2466666 | | 2546668 | 7480000 |

पेश गर्ने
नाम चन्द्रकला चापागाई
पद रोजगार संयोजक

रुजु गर्ने
नाम चिरञ्जिवी थापा
पद लेखापाल

प्रमाणित गर्ने
नाम लोक बहादुर वि.क.
पद प्रमुख प्रशासकीय अधिकृत

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बराम्ची , सिन्धुपाल्चोक
### रोजगार सेवा केन्द्र
#### मासिक खर्चको प्रगति विवरण

| क्र.सं. | श्रोत | बजेट उपशिर्षक | शिर्षक | क्रियाकलाप कोड | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फागुन | चैत | बैसाख | जेठ | आषाढ | कुल खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको तलव | 2.5.7.5 | 43689 | 43689 | 87378 | 43689 | 43689 | 43689 | 43689 | 43689 | 43689 | 43689 | 43689 | 43689 | 567957 |
| 2 | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको स्थानीय भत्ता | 2.5.7.6 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 3910 | 46920 |
| 3 | नेपाल सरकार | ३७१००१०२ | रोजगार संयोजकको पोसाक | 2.5.7.7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10000 | 0 | 0 | 0 | 10000 |
| 4 | नेपाल सरकार | ३७१००१०२ | रोजगारी सृजना अनुदान | 2.7.3.7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2462400 | 0 | 211600 | 0 | 0 | 2674000 |
| | | | | कुल नेपाल सरकार (३७१००१०२) | 47599 | 47599 | 91288 | 47599 | 47599 | 47599 | 47599 | 2509999 | 57599 | 259199 | 47599 | 47599 | 3298877 |
| 5 | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको तलव | 2.5.7.8 | 34730 | 34730 | 69460 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 451490 |
| 6 | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको स्थानीय भत्ता | 2.5.7.9 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 38520 |
| 7 | आई.डि.ए. | ३७१००१०३ | प्राविधिक सहायकको पोसाक | 2.5.7.10 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10000 | 0 | 0 | 0 | 10000 |
| 8 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको तलव | 2.5.3.5 | 34730 | 34730 | 69460 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 34730 | 451490 |
| 9 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको स्थानीय भत्ता | 2.5.3.6 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 3210 | 38520 |
| 10 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सहायकको पोसाक भत्ता | 2.5.3.7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10000 | 0 | 0 | 0 | 10000 |
| 11 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सेवा केन्द्रको सुदृढिकरण | 11.3.7.6 | 0 | 0 | 0 | 0 | | | | | | | 197976 | 0 | 197976 |
| 12 | आई.डि.ए. | ३७१००१०३ | रोजगारी सृजना अनुदान | 2.7.3.8 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2652800 | 0 | 0 | 0 | 2652800 |
| 13 | आई.डि.ए. | ३७१००१०३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | 2.7.25.131 | 0 | 0 | 0 | | | | | 60000 | | 0 | 0 | 0 | 60000 |
| 14 | आई.डि.ए. | ३७१००१०३ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/कार्यान्वयन | 2.7.28.135 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 50000 | 0 | 0 | 50000 |
| 15 | आई.डि.ए. | ३७१००१०३ | रोजगार संवाद मञ्चको सञ्चालन | 2.7.28.136 | 0 | 0 | 0 | 0 | 0 | | | | | | 25530 | | 25530 |
| 16 | आई.डि.ए. | ३७१००१०३ | रोजगार सेवा केन्द्रको लागी मसलन्द खर्च | 2.4.1.7 | 0 | 0 | 0 | 0 | 18000 | | | | 4000 | | 4600 | 51400 | 78000 |
| 17 | आई.डि.ए. | ३७१००१०३ | अन्य विविध खर्च (चिया, पानि लगायत अन्य) | 2.9.9.7 | | | | 0 | 3900 | | | | | | | 4030 | 7930 |
| 18 | आई.डि.ए. | ३७१००१०३ | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | 2.8.1.10 | | | | | | | 16000 | 0 | 0 | 0 | 4200 | 43800 | 64000 |
| 19 | आई.डि.ए. | ३७१००१०३ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन | 2.6.4.93 | | | | | | | | | | | | | |
| 20 | आई.डि.ए. | ३७१००१०३ | महिला लक्षित रोजगारीका लागि तयारी कलव सञ्चालन | 2.7.25.162 | | | | | | | | | | | | | |
| | | | | कुल आई.डि.ए. (३७१००१०३) | 75880 | 75880 | 145340 | 75880 | 97780 | 75880 | 91880 | 135880 | 2752680 | 125880 | 308186 | 175110 | 4136256 |
| | | | | कुल रोजगारी सृजना अनुदान | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2462400 | 2652800 | 211600 | 0 | 0 | 5326800 |
| | | | | रोजगार सेवा केन्द्रको सुदृढिकरण | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 197976 | 0 | 197976 |
| | | | | प्रशासनिक खर्च | 123479 | 123479 | 236628 | 123479 | 145379 | 123479 | 139479 | 183479 | 157479 | 173479 | 157809 | 222709 | 1910357 |
| | | | | कुल जम्मा | 123479 | 123479 | 236628 | 123479 | 145379 | 123479 | 139479 | 2645879 | 2810279 | 385079 | 355785 | 222709 | 7435133 |

तयार गर्ने:
नाम: चन्द्रकला चापागाई
पद: रोजगार संयोजक

रुजु गर्ने:
नाम: चिरञ्जिवी थापा
पद: लेखापाल

प्रमाणित गर्ने:
नाम: लोक बहादुर वि.क.
पद: प्रमुख प्रशासकिय अधिकृत

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका तथ्याङ्क

रिलोड

**915**

सूचीकृत बेरोजगार

| ५०१ | ४१४ | ० |
|---|---|---|
| पुरुष | महिला | अन्य |

**82**

कूल रोजगारीका लागि छनौट व्यक्ति

| ४२ | ४० | ० |
|---|---|---|
| नेपाल सरकार | विश्व बैंक | अन्य श्रोत |

**16**

आयोजना संख्या (कार्य स्थिति अनुसार)

| १६ | ० |
|---|---|
| पूर्ण | सक्रिय |

**82**

कुल रोजगारीमा संलग्न व्यक्ति

| ४२ | ४० | ० |
|---|---|---|
| नेपाल सरकार | विश्व बैंक | अन्य श्रोत |

**7,835.69**

कूल रोजगारीका दिनहरु

| ३,९३५ | ३,९०१ |
|---|---|
| नेपाल सरकार | विश्व बैंक |

**16**

आयोजना संख्या (बजेट स्रोत अनुसार)

| १० | ६ |
|---|---|
| नेपाल सरकार | विश्व बैंक |

**रु ७४,८०,०००**

कुल बजेट

| ३३,००,००० | ४१,८०,००० |
|---|---|
| नेपाल सरकार | विश्व बैंक |

**रु ७४,३५,१३३**

कुल खर्च

| ३२,९८,८७७ | ४१,३६,२५६ |
|---|---|
| नेपाल सरकार | विश्व बैंक |

**रु ५३,२८,२७६**

वितरण भएको कूल ज्याला रकम

**रु ५२,७४,९९३.२४**

वितरण भएको कूल ज्याला रकम (-१% कर कट्टि सहित)

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश नेपाल २०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

१६.कार्यक्रमका उपलब्धीहरु, समस्या तथा सुझावहरु:

- गाउँपालिकाको विनियोजन गरेको साझेदारी रकमले निर्माण सामाग्री तथा निर्माण औजार खरिद गरि सहज रुपमा विकास निर्माण योजनाहरु संचालन गर्न सकिएको ।
- न्यून आर्थिक अवस्था भएका परिवारहरुको दैनिकी चलाउन सहज ।
- बैङ्क मार्फत् ज्याला रकम प्राप्त गर्दा आवश्यक भन्दा बढी रकम बचत गर्न सहज भएको ।
- स्थानीय स्तरमा उपलब्ध सामाग्रीको प्रयोगगरी आफ्नै गाउँको विकास गर्न सहज भएको ।

समस्या:

- श्रमिकको क्षमता, तालीम र अनुभवको मुल्याङ्कनहुन नसकेको । (ज्याला ज्यादै न्यून)
- निमार्ण सामाग्री र निर्माण औजार खरिदका लागि आवश्यकता बमोजिम बजेट व्यवस्थापन हुन नसक्दा कतिपय योजनाहरुमा अपेक्षा बमोजिम नतिजा हासिँल गर्न नसकिएको ।

सूझाव:

- श्रमिकहरुको क्षमताको मुल्याङ्कन गदै दक्ष र अदक्ष श्रमिकहरुका लागि ज्यालादर अलग गरिनु पर्ने ।
- श्रमिकहरुको क्षमता विकासका लागि कार्यस्थल तालिमको प्रभावकारी कार्यान्वयन गरिनु पर्ने ।

धन्यवाद ॥

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner